# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

मिति: २०७८।१२।१३

आगामी २०७९ साल वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनका लागि निर्वाचन घोषणा भएको मिति २०७८ माघ २४ गतेभित्र मतदाता नामावलीमा नामदर्ता गरी मिति २०७९ साल वैशाख २९ गते १८ वर्ष उमेर पूरा हुने ८७,४१,५३० महिला, ८९,९२,०१० पुरुष तथा १८३ अन्य गरी जम्मा १ करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाताको अन्तिम मतदाता नामावली मिति २०७८।१२।१३ मा आयोगले स्वीकृत गरेको छ। यसैगरी आयोगले १०,७५६ मतदान स्थल अन्तर्गत २१,९५५ मतदान केन्द्रहरु रहने गरी मतदान केन्द्र स्वीकृत गरेको छ।

**सबैभन्दा बढी र सबैभन्दा कम मतदाता भएका तीन जिल्लाहरुको विवरण**

| सि.नं. | बढी मतदाता भएको जिल्ला | मतदाता संख्या | सि.नं. | कम मतदाता भएको जिल्ला | मतदाता संख्या |
|---|---|---|---|---|---|
| १. | मोरङ्ग | ७,१५,२२३ | १. | मनाङ्ग | ६,४९६ |
| २. | झापा | ६,४६,२३४ | २. | मुस्ताङ्ग | १०,४८५ |
| ३. | काठमाडौं | ६,३७,७७५ | ३. | डोल्पा | २२,४४० |

**सबैभन्दा बढी र सबैभन्दा कम मतदाता भएका तीन स्थानीय तहहरुको विवरण**

| सि.नं. | बढी मतदाता भएका स्थानीय तह | मतदाता संख्या | सि.नं. | कम मतदाता भएको स्थानीय तह | मतदाता संख्या |
|---|---|---|---|---|---|
| १. | काठमाडौं महानगरपालिका | ३,००,२४२ | १. | नार्पा भूमि गाउँपालिका (मनाङ जिल्ला) | ४४८ |
| २. | पोखरा महानगरपालिका | २,०७,७१२ | २. | चामे गाउँपालिका (मनाङ जिल्ला) | ७११ |
| ३. | भरतपुर महानगरपालिका | १,८५,७५२ | ३. | छार्का ताङसोङ गाउँपालिका (डोल्पा) | ९६७ |

**सबैभन्दा बढी र सबैभन्दा कम मतदानकेन्द्र भएका तीन जिल्लाहरुको विवरण**

| सि.नं. | बढी मतदानकेन्द्र भएका जिल्ला | मतदानकेन्द्रको संख्या | सि.नं. | कम मतदानकेन्द्र भएका जिल्ला | मतदानकेन्द्र संख्या |
|---|---|---|---|---|---|
| १. | मोरङ | ८२० | १. | मनाङ | २८ |
| २. | काठमाडौं | ७५९ | २. | मुस्ताङ | ३८ |
| ३. | झापा | ७५५ | ३. | रुकुम पूर्व | ४९ |

**सबैभन्दा बढी र सबैभन्दा कम मतदानकेन्द्र भएका तीन प्रदेशहरुको विवरण**

| सि.नं. | बढी मतदानकेन्द्र भएका प्रदेश | मतदानकेन्द्रको संख्या | सि.नं. | कम मतदानकेन्द्र भएका प्रदेश | मतदानकेन्द्र संख्या |
|---|---|---|---|---|---|
| १. | मधेश प्रदेश | ४,१८९ | १. | कर्णाली प्रदेश | १३८५ |
| २. | बागमती प्रदेश | ४०९५ | २. | सुदूर पश्चिम प्रदेश | २१०३ |
| ३. | प्रदेश नं. १ | ४०५१ | ३. | गण्डकी प्रदेश | २३०० |

मतदाता नामावलीमा प्रकाशित मतदाताको विवरणलाई सही र त्रुटि रहित बनाउन आयोगको प्रयास रहेको छ। मतदाता नामावलीमा भएको सानातिना त्रुटिको कारणले मात्र मतदान गर्ने अधिकारबाट कोही पनि वञ्चित हुन नदिन आयोग सदैब प्रयत्नशील रहने छ।

(शालिग्राम शर्मा पौडेल)
सहसचिव तथा प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np